त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र सङ्ख्या
च.नं.

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

मिति २०७८।०१।१७

## सूचना: अनलाइन कक्षा सञ्चालन गर्ने बारे

विगत केही समयदेखि COVID 19 को दोस्रो लहरका कारण उत्पन्न भएको असामान्य स्थिति र यसको प्रभावका कारण नेपालमा सम्भावित जोखिम नबढोस् भन्नका लागि पूर्व तयारी एवम् सतर्कता अवलम्बन गर्न देशका विभिन्न स्थानहरुमा लकडाउन तथा निषेधाज्ञाका कारण त्रि.वि. अन्तर्गत सञ्चालनको प्रक्रियामा रहेका सम्पूर्ण वार्षिक एवं सेमेस्टर प्रणालीका सम्पूर्ण परीक्षाहरु केन्द्रीय परीक्षा सञ्चालक समितिको निर्णय बमोजिम स्थगित भैसकेको छ। साथै यस अध्ययन संस्थान अन्तर्गत सञ्चानलको क्रममा रहेका परीक्षाहरु पनि २०७८।०१।१३ को सूचनाबाट स्थगित भइसकेको छ। यस असहज परिस्थितिमा क्याम्पस/कलेज/स्कुल/विभागका कक्षाहरु भौतिक रुपमा सञ्चालन हुन नसक्ने अवस्थालाई मध्यनजर गर्दै विद्यार्थीको शैक्षिक सत्र सकेसम्म कम क्षति होस् भन्ने उद्देश्यका साथ यस विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका हाल अध्ययन गरिरहेका वार्षिक तथा सेमेस्टर प्रणालीका परीक्षाहरु स्थगित भए पनि **त्यस पछिको अर्को वर्ष वा सेमेस्टरको कक्षा वैकल्पिक विधि अनुसार अनलाइन कक्षा सञ्चालन गर्न गराउन** तथा विद्यार्थीका शोधप्रस्ताव लेखन, थेसिस एवं मौखिक परीक्षाहरु (VIVA) गर्न समेत उचित प्रबन्धसहित विगतमा जस्तै गर्न गराउनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ।

प्रा.डा.विनिल अर्याल
डीन

टेलिफोन: ९७७-१-४३३०८४४, ४४३३०१२०, फ्याक्स: ९७७-१-४३३१७५५, Website: www.tuiost.edu.np, E-mail: deaniost7@gmail.com